## २. कर छूट हुने संस्था र रकमहरु

**१. कस्ता संस्थाहरुलाई कर छूट हुन्छ ?**

*मुनाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक, परोपकारी संस्था, सामाजिक वा खेलकुद क्षेत्रका लाभ नलिने गरी गठन भएका गैर सरकारी संस्थाहरु 'कर छुट हुने संस्था' को रुपमा दर्ता हुने गर्दछन् । तर यस्तो संस्थाहरुको व्यवसाय वा लगानी प्रकृतिको आयमा कर छुट हुँदैन । पेशागत हकहितको प्रवर्धनका लागि गठित संस्थाहरु (लाभ नलिने गरी) पनि छुट पाउने संस्था हुन सक्दछन् । त्यसै गरी निर्वाचन आयोगमा दर्ता भएको राजनीतिक दल र स्थानिय निकायहरु पनि छुट पाउने संस्था हुन् ।*

**२. कर छूट हुने संस्थाको जुन सुकै आयमा पनि कर छूट हुन्छ ?**

*कर छुट हुने संस्थाको कर नलाग्ने आय जस्तै संस्थाको उद्देश्यमा सहयोग पुर्‍याउन प्राप्त गर्ने चन्दा, अनुदान, सदस्यता शुल्क वा सरकारी/गैर सरकारी (स्वदेशी वा विदेशी) संस्थाबाट प्राप्त सहयोग रकममा मात्र कर छुट हुन्छ । अरु व्यवसाय वा लगानी गर्ने करदाता झैं व्यवसाय वा लगानी गरेमा (जस्तै ब्याज वा घर भाडा आर्जन गरेमा) सोमा कर लाग्दछ । तर नेपाल सरकारले कुनै निश्चत संस्थाको लगानी आय ( जस्तै ब्याज वा घर भाडा) मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कर छूट दिन सक्दछ । सेवा शुल्क लिई सेवा संचालन भएका संस्थाहरुलाई पनि कर छुट हुदैन ।*

**३. कर छूट हुने संस्थाले प्राप्त गर्ने कुन कुन रकममा कर छूट हुन्छ ?**

*कर छुट हुने संस्थाले प्राप्त गर्ने कर नलाग्ने रकम जस्तै  संस्थाको उद्देश्य प्राप्तिमा सहयोग पुर्‍याउन  लिइएको चन्दा, अनुदान, आर्थिक सहायता, सदस्यता शुल्क वा सरकारी तथा गैरसरकारी (स्वदेशी वा विदेशी) संस्थाबाट प्राप्त सहयोग रकममा कर छुट हुन्छ ।*

४. **कर छूट हुने प्रमाण पाउन कुनै संस्थाले के के गर्नु पर्दछ ? यस्तो आवेदन पत्रमा कुन कुन विवरण खुलाउनु पर्दछ ? के के कागजातहरु पेश गर्नु पर्दछ ?**

*कर छूट हुने प्रमाण पाउन सम्बन्धित इच्छुक संस्थाले कर छूटको लागि आन्तरिक राजश्व विभागमा निवदेन दिनु पर्दछ । यस्तो निवेदनमा इच्छुक निकाय, संघ वा संस्थाको नाम, PAN, सम्बन्धित निकायमा दर्ता भएको भए दर्ता नम्बर, ठेगाना, उद्देश्य, कृयाकलाप संचालन गर्ने स्थान, संस्थाको अध्यक्ष वा मुख्य व्यक्तिको नाम, पद, ठेगाना, संस्थाको आयश्रोत सम्बन्धी विवरण बारे उल्लेख गर्नु पर्दछ । कर छुट हुने प्रमाण पाउन इच्छुक संस्थाले निवेदनका साथ (क) संस्थाको गठन सम्बन्धी विधान, (ख) अन्य कुनै निकायबाट स्वीकृति लिनु पर्ने भए स्विकृती भएको प्रमाणपत्रको प्रतिलिपि, (ग) PAN को प्रमाणपत्रको प्रतिलिपि र (घ) लेखा परीक्षणको प्रतिवेदन भए सोको प्रतिलिपि पेश गर्नु पर्दछ ।*

५. **कर छूट पाउने संस्थाले के आन्तरिक राजश्व विभागमा दर्ता हुनु पर्दछ ? यस्तो दर्ता प्रमाणपत्र के वर्सेनि नविकरण गर्नु पर्दछ ?**

*कर छुट पाउने संस्थाले आन्तरिक राजश्व विभागमा दर्ता हुनु पर्दछ । दर्ता प्रमाणपत्रको वर्षेनि नविकरण गराउनु पर्दैन तर संस्थाको वित्तीय विवरणहरु वार्षिक रुपमा दाखिला गर्नुपर्दछ । साथै अग्रिम कर कट्टी गरेको विवरण र कर रकम समयमा दाखिला गर्नु पर्दछ । आयकर लाग्ने कारोवार गरेको भए आय विवरण र कर रकम पनि यथासमय दाखिला गर्नु पर्दछ ।*

६. **कर छूट पाउन दिइने निवेदनसाथ कति दस्तुर बुझाउनु पर्दछ ?**

*कर छूट पाउने निवेदन साथ रु.५ को टिकट बाहेक कुनै दस्तुर बुझाउनु पर्दैन ।*

७. **कर छूट पाउने संस्थाले के वर्षेनी आय विवरण पेश गर्नु पर्दछ ?**

*कर लाग्ने आय आर्जन गरेको भए यथासमय (किस्ताबन्दीको विवरण, वार्षिक आय विवरण) दाखिला गर्नु पर्दछ । कर छुट पाउने संस्थाले अनिवार्य रुपमा लेखा परीक्षण गराई वित्तीय विवरणहरु वार्षिक रुपमा असोज मसान्त भित्र दाखिला गर्नु पर्दछ ।*

**८. कर छूट पाउने संस्थाले वर्षेनी आर्थिक विवरण आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्दछ ? के यो सत्य हो ?**

*कर छुट पाउने संस्थाले वर्षेनी आर्थिक विवरण सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्दछ । यो कुरा सत्य हो ।*

**९. कर छूट पाउने संस्थाले पारिश्रमिक कर, घर वहाल लगायत भुक्तानीमा अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्दछ ?**

*कर छुट पाउने संस्थाले PAN मा दर्ता भई (PAN लिई) आफूले अग्रिम कर कट्टी गर्नुपर्ने सबै भुक्तानीहरुबाट (जस्तै पारिश्रमिक, घर बहाल, ठेक्का/करार वा सेवाको भुक्तानी) आयकर ऐन अनुसारका दरले भुक्तानीका बखत वा खर्च लेख्दा अग्रिम कर कट्टी गरी सोको विवरण साथ अर्को महिनाको १५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्दछ ।*

**१०. कर छूट पाउने संस्थाले एब्ल लिनु पर्दछ कि पर्दैन ?**

*कर छुट पाउने संस्थाले यस्तो छुट पाउन निवेदन दिनु अगावै स्थायी लेखा नम्बर (PAN) लिई सक्नु पर्दछ ।*

**११. कर छूट पाउने संस्थाले प्रतिस्पर्धागरी व्यावसायिक कारोवारको ठेक्का लिनु हुन्छ कि हुदैन ?**

*कर छूट पाउने संस्थाले प्रतिस्पर्धा गरी वा नगरी कुनै व्यावसायिक कारोवार (जस्तै ठेक्का, सेवा करार) गर्न सक्दछ तर यस्तो कारोवार कर लाग्ने कारोवार भएकोले यी कारोवारबाट प्राप्त आय/रकममा आयकर ऐन अनुसार कर तिर्नु पर्दछ ।*

**१२. कर छुट संस्थाको रुपमा स्वीकृति लिन कहाँ सम्पर्क गर्नुपर्छ ?**

*कर छुट संस्थाको रुपमा स्वीकृति लिन आन्तरिक राजश्व विभागमा सम्पर्क राख्नु पर्दछ । यस्तो सम्पर्क नजीकको आ.रा.का.हरु मार्फत पनि गर्न सकिन्छ ।*

**१३. कर छुट पाउने संस्थाको प्रमाण पाउन कसले निवेदन दिनुपर्दछ ?**

*कर छूट पाउन संस्थाको प्रमुखले वा निजको अधिकृत प्रतिनिधिले निवेदन दिनु पर्दछ ।*

**१४. कर छुट पाउने संस्थाको प्रमाण पाउन कति समय लाग्छ ?**

*विभागमा आवेदन प्राप्त भएको मितिले एक महिना भित्र विभागले आवश्यक जाँचबुझ गरी प्रमाण पत्र प्रदान गर्दछ ।*

**१५. घरमै वसेर कम्प्यूटरबाट कर छुट पाउने संस्थाको प्रमाण लिन पाउने सुविधा छ, छैन ?**

*कर छुट पाउने संस्थाको लागि आवश्यक निवेदनको ढाँचा इन्टरनेटबाट विभागको वेबसाईट www.ird.gov.np बाट प्राप्त गर्न सकिन्छ तर निवेदन विभागमा पेश गर्नु पर्दछ ।*

**१६. यस बारेमा थप जानकारी लिनु परेमा कहाँ कसलाई सम्पर्क गर्नुपर्छ ?**

*कर छुट लिन चाहने संस्थाले थप जानकारी लिन चाहेमा आ.रा.वि. वा आ.रा.का.को करदाता सेवा शाखा वा कार्यालयहरुको हेल्प डेस्कहरुमा सम्पर्क राख्नु पर्दछ ।*